**श्री कुमारी बैंक लिमिटेडको**
**बाह्रौं वार्षिक साधारण सभाको**
**निर्णय विवरण**

श्री कुमारी बैंक लिमिटेडको बाह्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री नूर प्रताप ज.ब.राणाज्यूको अध्यक्षतामा देहाय बमोजिम गरि सम्पन्न भयो ।

**१) सभाको मिति, स्थान र समय**

मिति : २०६९ साल माघ महिना २५ गते बिहीवार (तदनुसार ७ फेब्रुवरी २०१३)
स्थान : राष्ट्रिय सभा गृह, प्रदर्शनि मार्ग, काठमाडौं ।
समय : विहान ११:०० बजे ।

**२) सभाको सूचना प्रकाशन**

(क) यस बैंकको मिति २०६९ साल माघ महिना २ गतेका दिन बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम बैंकको बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ४ को उपनियम (३) अनुसार मिति २०६९ माघ ४ गते र २०६९ माघ १८ गते क्रमशः नागरिक राष्ट्रिय दैनिक र अन्नपूर्ण पोष्ट, राष्ट्रिय दैनिकमा गरी २ पटक सूचना प्रकाशित गरिएको ।

(ख) कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिवेदन, बैंकको वित्तीय विवरणहरु, सम्बन्धित शेयरधनीहरुको ठेगानामा बाह्रौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना साथ सम्लग्न गरी पठाईएको ।

(ग) कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, ऐ.को दफा ७८ अनुसार तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा एक्काईस दिन अगावै तयार गरी बैंकको रजिष्टर्ड कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको ।

(घ) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्स्चेन्ज लिमिटेडलाई अनुरोध गरी पत्राचार गरिएको ।

(ङ) साधारण सभामा आमन्त्रित भई दिनका लागि लेखापरीक्षक श्री जि.पी. राजवाहक एण्ड कम्पनी र कानुनी सल्लाहाकारहरुलाई अनुरोध गरिएको ।

**३) सभामा प्रस्तुत छलफलका विषयहरु :**

(१) बाह्रौं वार्षिक साधारण सभाको लागि सञ्चालका समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०६९ आषाढ मसान्त सम्मको वासलात, २०६८ श्रावण १ देखि २०६९ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।

(३) आर्थिक वर्ष २०६९/७० का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको सात (७) प्रतिशत नगद लाभांश स्वीकृत गर्ने ।

(५) सर्वसाधारण समुहबाट प्रतिनिधित्व गर्ने दुई (२) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

(६) विविध ।

४) **सभामा उपस्थिति :**

(क) **सञ्चालकहरुको उपस्थिति**

| | |
|---|---|
| १) श्री नूर प्रताप ज.ब.राणाज्यू | अध्यक्ष – उपस्थित |
| २) प्रा.डा. राजन बहादुर पौडेलज्यू | सञ्चालक – उपस्थित |
| ३) डा. शोभा कान्त ढकालज्यू | सञ्चालक – उपस्थित |
| ४) श्री अमिर प्रताप ज.ब.राणाज्यू | सञ्चालक – उपस्थित |
| ५) श्री ऋषी अग्रवालज्यू | सञ्चालक – उपस्थित |
| ६) श्री रसेन्द्र वहादुर मल्लज्यू | सञ्चालक– उपस्थित |
| ७) श्री उत्तम प्रसाद भट्टराईज्यू, | सञ्चालक – अनुपस्थित (नेपाल वाहिर) |
| ८) श्री नरेश दुगडज्यू | सञ्चालक – अनुपस्थित (नेपाल वाहिर) |

(ख) **पर्यवेक्षक तथा आमन्त्रितको उपस्थिति :**

१) पर्यवेक्षक, सहायक रजिष्ट्रार श्री विनोद कुमार खड्का - श्री कम्पनी रजिष्ट्रारको कार्यालय
२) पर्यवेक्षक, अधिकृत श्री कृष्ण प्रसाद घिमिरे – श्री नेपाल धितोपत्र बोर्ड
३) आमन्त्रित वाह्य लेखापरीक्षक जि.पी.राजवाहक एण्ड कम्पनीका प्रतिनिधि श्री सुदिप श्रेष्ठ
२) आमन्त्रित, कानुनी सल्लाहाकारहरु - बरिष्ठ अधिवक्ता शम्भु थापा र अधिवक्ता कुमार रेग्मी

(ग) **बैंक पदाधिकारीहरुको उपस्थिति** :

| | |
|---|---|
| १) श्री उदयकृष्ण उपाध्याय | - का.मु. प्रमुख कार्यकारी अधिकृत |
| २) श्री कुमार उप्रेती | - अध्यक्ष - कुमारी बैंक लिमिटेड कर्मचारी संघ |
| ३) श्री गेहनाथ ढुंगाना | - नायव महाप्रबन्धक |
| ४) श्री टिका राम चापागाई | - बरिष्ठ प्रबन्धक |
| ५) श्री सुरेश कुमार कर्ण | - बरिष्ठ प्रबन्धक |
| ६) श्री निर्मल कुमार खतिवडा | - प्रमुख-वित्त, योजना तथा सूचना व्यवस्थापन प्रणालि |
| ७) श्री नरेन्द्र प्रसाद छत्कुली | - कम्पनी सचिव/प्रमुख-कानून तथा अनुपालन |

(घ) **शेयरधनीहरुको उपस्थिति :**

१) संस्थापक समूहको स्वयम् उपस्थित १४ जना र प्रोक्सी दिने ४७ जना शेयरधनीहरुवाट प्रतिनिधित्व भएको शेयर संख्या ९०,२२,४४८
२) सर्वसाधारण शेयरधनीहरुवाट स्वयम् उपस्थित ३९४ जना र प्रोक्सी दिने १२४ जना शेयरधनीहरुवाट प्रतिनिधित्व भएको शेयर संख्या १२,५५,४७१
३) कुल उपस्थिति शेयर संख्या ५७९
४) शेयरको कुल उपस्थिति प्रतिशत ६४.०८

५) **सभाको गणपूरक संख्या :**

| **विवरण** | **जम्मा शेयर** | **स्वयम् उपस्थिति** | **प्रतिनिधि मार्फत** | **शेयरधनीको उपस्थिति संख्या** | **शेयरको कूल उपस्थिति प्रतिशत** |
|---|---|---|---|---|---|
| बांडफांड भएको कुलशेयर संख्या १,६०,३८,००० | १,०२,७७,९१९ | ४०८ | १७१ | ५७९ | ६४.०८ |

**६) सभाको वैधानिकता :**

सभा सञ्चालन गर्नका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ५ बमोजिम बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि द्वारा उपस्थित हुनुपर्ने प्रावधान अनुसार विहान ११:०० बजेसम्म कूल शेयर संख्या (१,६०,३८,०००) को ९८,५४,२२६ शेयर अर्थात ६१.४४ प्रतिशत भन्दाबढी शेयरको प्रतिनिधित्व गर्ने तीनजना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउंदै सभा संचालन गर्न प्रचलित ऐन, कानुन बमोजिम सभा वैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन नहुँदासम्मको हाजिरी अभिलेख अनुसार माथि तालिकामा उल्लिखित संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

**७) सभाको अध्यक्षता :**

कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री नूर प्रताप ज.ब.राणज्यूलाई सभाको अध्यक्षता गरी दिन आग्रह भएबमोजिम वहांले अध्यक्षताको आसन ग्रहण गर्नुभयो । साथै सञ्चालक समितिका अन्य सदस्यज्यूहरु, पर्यवेक्षक तथा आमन्त्रित, बैंकका पदाधिकारीहरु सवैलाई आ–आफ्नो स्थानवाट आसन ग्रहण गरि दिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहांहरुले समेत आसन ग्रहण गर्नुभयो । सञ्चालक समितिका दुई जना सदस्यहरु नेपाल बाहिर रहेको भन्ने जानकारीको आधारमा उहाँहरु अनुपस्थित रहेको व्यहोरा समेत कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

**८) सञ्चालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुती :**

अध्यक्षज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्दै साधारण सभाको कार्यक्रम अघि बढाउने क्रममा सञ्चालक समितिको बाह्रौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण समेतको विवरण पुस्तिका शेयरधनीहरुले अध्ययन गरी सक्नु भएको होला भन्ने विश्वासका साथ बैंकको आ.व. २०६८।०६९ को संक्षिप्त वित्तीय झलक लगायत चालु आ.व.को पहिलो ३ महिनाको संक्षिप्त वित्तीय विवरणहरु सहित बैंकको अन्य गतिविधिको बारेमा सभालाई छोटकरीमा जानकारी गराउनु भयो ।

**९) बाह्रौं वार्षिक प्रतिवेदन तथा नाफा नोक्सान हिसाबको प्रस्तुती :**

सभाका अध्यक्षज्यूले सञ्चालक समितिको तर्फवाट बैंकको बाह्रौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०६८।०६९ को वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र अनुसूचिहरु तथा सभामा प्रेषित अन्य प्रस्तावहरु सभामा छलफलका लागि प्रस्तुत गर्नुभयो ।

**१०) छलफलका लागि आव्हान :**

साधारण सभामा शेयरधनीहरुले निर्धारीत विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको बाह्रौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०६८।०६९ को वासलात, नाफा–नोक्सान हिसाब, नगद प्रवाह विवरण, अनुसूचिहरु तथा सभामा प्रस्तुत विषयहरुमा छलफलको लागि आ–आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई क्रमैसंग सहभागी हुन अनुरोध गर्नुभयो ।

**११) छलफलमा सहभागी हुने शेयरधनीहरु:**

१. श्री अमृतनाथ रेग्मी
२. श्री अशोक उप्रेती

३. श्री नरसिंह लाल चखूँ
४. श्री ब्यास कुमार शर्मा
५. डा. माधव कुमार श्रेष्ठ
६. श्री दामोदर रेग्मी
७. डा. सुन्दर लाल श्रेष्ठ
८. श्री उद्धव प्रसाद घिमिरे
९. श्री भक्ति प्रसाद उप्रेती
१०. मेजर कुवेर श्रेष्ठ
११. श्री रोज कुमार श्रेष्ठ
१२. श्री नारायण सुन्दर श्रेष्ठ
१३. श्री लवराज जोशी

**१२) छलफलमा सहभागी शेयरधनीहरुबाट व्यक्त धारणा, जिज्ञासा, तथा सुझावः**

छलफलमा सहभागी हुनुभएका शेयरधनीहरुबाट व्यक्त विचार, धारणा, जिज्ञासा तथा सुझावहरुलाई सारंशको रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ :

**१) श्री अमृत नाथ रेग्मी :**

श्री रेग्मीले अध्यक्षज्यू लगायत उपस्थित सवैलाई सम्वोधन गर्दै कतिपय अवस्थामा कम्पनीले चाहादा चाहांदै पनि सोचे अनुरुप प्रगति गर्न नसकिने र सो सम्वन्धमा व्यवस्थापन लगायत सञ्चालक समितिले पनि सोचेकै हुन्छ र शेयरधनीको हैशियतले आफुले पनि यस कम्पनीले सोचे अनुरुप प्रगति गर्न नसक्नुको कारणको बारेमा बुँदागत रुपमा अवगत गराउने व्यहोरा व्यक्त गर्नु भयो । निक्षेप परिचालन गर्दा विदेशी मुद्रा निक्षेप परिचालन कमजोर हुनु मुख्य कारक रहेको, Investment (लगानी) र कर्जाको अनुपात ६०:४० को अनुपातमा बस्ने बैंकहरु पनि छन् तर यस बैंकको त्यो अनुपात १४:८६ मात्र रहनु अर्को कमजोर पक्ष रहेको धारणा व्यक्त गर्दै लगानी बढाउन सुझाव गर्नु भयो । कर्जा तर्फ अधिबिकर्ष तथा अन्य कर्जा लगानीमा ६०% हुनु सकारात्मक पक्ष हो भने ब्याज आम्दानीको अनुपातमा ब्याज खर्च ६६% हुनु नकारात्मक पक्ष भन्दै कर्जा तथा निक्षेप अनुपात बढी भई ब्याज आम्दानी कम भएको र कुल आम्दानीमा ब्याज आम्दानी र फि तथा कमिशन आम्दानी हेर्दा ८०:२० मा हुनु राम्रो नभएकोले कम्तिमा पनि यो अनुपात ७०:३० हुनु पर्ने सुझाव गर्नु भयो । कुल आम्दानी मध्ये Staff र Overhead Expenses मा ४०% खर्च गर्नु राम्रो मानिदैन र त्यसलाई सुधार गर्न कुल आम्दानी नै बढाउने तर्फ ध्यान दिनु जरुरी रहेको सुझाव गर्दै कर्जा नोक्सानी व्यवस्था बढ्दै जानु र खराव कर्जा उठाउन नसक्नु व्यवस्थापनको ठूलो कमजोरी रहेको धारणा व्यक्त गर्नु भयो । प्रतिवेदनका सूचङ्काकहरुलाई हेर्दा अव एक्लै अगाडी बढ्ने कि आफु सरहको बैंकको खोजी गरी मर्ज तर्फ अगाडी बढ्ने भन्ने तर्फ सोच्न सुझाव गर्दै आफु सरहको बैंकसँग मर्ज गर्न सकेमा पुँजी ३.२५ अर्व, साधारण जगेडा कोष त्यसको ५०%, निक्षेप संरचना करिव ५० अर्व जति र कर्जा संरचना ३८ अर्व पुग्दा कमाई ५.२५ अर्वको कुल ब्याज आम्दानी र १.७५ अर्वको खुद ब्याज आम्दानी हुन जान्छ । यसो हुन सकेमा यसले आफ्नो स्थान बनाउन सफल हुन्छ, त्यसो नभए आगामी ५ वर्ष भित्र ५ अर्वको बैंकको धारणा विकास हुँदा निकै चुनौती पूर्ण अवस्था आउन सक्छ भन्ने धारणा व्यक्त गर्दै यस सम्वन्धमा अध्यक्षज्यू लगायत सञ्चालक समितिले ध्यान दिन सुझाव गर्नु भयो ।

**२) अशोक उप्रेती :** उपस्थित सवैलाई सम्वोधन गर्दै शुरुमा यो बैंकका स्थापना हुंदा जुन उत्साह र उमंग थियो त्यो केही वर्ष सम्म कायम रह्यो । विचमा केही समय अलि निराशा जस्तो देखा परेतापनि हाल आएर बैंक स्थापना काल देखी लामो समय अध्यक्ष रही सक्नु भएका पूर्व अध्यक्ष श्री नूर प्रताप ज.ब.राणा यस बैंकको अध्यक्षमा पुनः चयन हुनु भएकोले फेरी आशाको किरण छाएको धारणा राख्नु भयो । शेयर धनीको मूख्य चाहना लगानीको प्रतिफल भएकोले सो सम्वन्धमा वासलातले नै सवै कुरा

स्पष्ट गर्ने हुँदा विज्ञ वक्ताहरुवाट सो को चिरफार भई सकेको र हुने धारणा व्यक्त गर्नु भयो । यो बैंकले मर्जरको बारेमा सोच्नु पर्ने र अन्यथा पूर्व वक्ताले भने जस्तो ५ वर्षमा अप्ठ्यारो स्थिति देखा पर्न सक्ने हुँदा सवै शेयर धनिहरुको तर्फबाट अध्यक्षज्यू लगायत सञ्चालक समितिले ठोस निर्णय लिन अनुरोध गर्नु भयो । बैंकको उन्नती र प्रगतिमा योग्य, दक्ष एवं सक्षम कर्मचारीको प्रमुख भुमिका हुने भएकोले उनीहरुलाई टिकाई राख्न उनीहरुको हक हितको लागि पनि बैंकले सोच्ने र उनीहरुबाट पनि श्रम र दक्षताको अधिकतम उपयोग गरी बढी प्रतिफल लिनु पर्ने धारणा व्यक्त गर्नु भयो । जसरी पूर्व अध्यक्षको पुनरागमनले आशाको किरणहरु छाएको छ त्यसैगरी का.मु. प्रमुख कार्यकारी अधिकृतलाई पनि पूर्ण अधिकार प्रयोग गर्न दिएमा काम गर्ने जोश जाँगर बढ्छ भन्ने धारणा व्यक्त गर्नु भयो । अन्तमा आउने दिनहरुमा भ्केल्नु पर्ने समस्यालाई मध्यनजर राखी अध्यक्षज्यू लगायत सञ्चालक समितिले एउटा ठोस कदम अगाडी बढाउन सुझाव दिनु भयो ।

३) **नरसिंह लाल चखूँ :** सवैलाई सम्वोधन गर्दै नव नियुक्त अध्यक्षको सफलताको कामना गर्नु भयो । प्रस्तावित ७ प्रतिशत लाभांशको लागि धन्यवाद ज्ञापन गर्दै आगामी साल बढाउन सुझाव गर्नुभयो । वासलात तर्फ हेर्दा निस्कृय कर्जा बढेकोले त्यसलाई सावधानी पूर्वक समाधान गर्न, कर्जा नोक्सानी व्यवस्थालाई घटाउने र भएकोलाई उठाउने गर्न सकिएमा नाफा बृद्धि गर्न सकिन्छ, कर्जा निक्षेप अनुपात सन्तुलन गर्न खोजिएको छ तर पनि थप २% घटाउनु पर्ने देखिन्छ, प्रति शेयर आम्दानी बढेको देखिन्छ अझ सुधार गर्न सकेमा दोश्रो बजारमा यसको प्रभाव परी कारोवारमा बृद्धि हुने धारणा व्यक्त गर्नुभयो । त्यसैगरी Return on equity, Return on total assets, Return on earning, Per employee income, Investment, corporate governance जस्ता कुराहरुमा सुधार गर्नु पर्ने धारणा राख्नु भयो । नेपाल राष्ट्र बैंकबाट जारी आधार व्याजदरको निर्देशनले पार्ने असर प्रति ध्यान दिन, कर्जाको व्याज उठतीमा ध्यान दिन, कर्मचारीको बृद्धि विकास र स्वदेश लगायत विदेशमा समेत तालिम दिई दक्षता अभिबृद्धि गर्न, सामाजिक उत्तर दायित्वमा काम गर्दा संस्थालाई पार्ने प्रभावको बारेमा र जसरी राजनैतिक परिवर्तनले शेयर बजारमा प्रभाव पर्छ त्यसैगरी राजनीतिक जोखिमले संस्थालाई पार्ने प्रभावको बारेमा समेत ध्यान दिन सुझाव गर्नु भयो । यो बैंकले पनि नयाँ skim र products launch गरेको छ त्यसको प्रभावकारिताको साथै अन्य बैंकले गरेको कामहरुलाई हेरेर भविष्यमा थप के गर्न सकिन्छ भन्ने बारेमा सोच्न, Business strategy, Risk factors, Source analysis, Team Management, Fund management, Market analysis आदि कुराहरुमा ध्यान दिन र अन्तमा हाल भईरहेका शाखाहरुको क्रियाकलापलाई अनुगमन गरी नाफा मुलक बनाउने तर्फ जोडदिन सुझाव गर्नु भयो ।

४) **ब्यास कुमार शर्मा :**
उपस्थित सवैलाई सम्वोधन गर्दै प्रस्तुत वित्तीय विवरणमा रहेको सकारात्मक पक्षबाट शुरु गर्नुभयो । वासलातमा रहेको Reserve & surplus गत साल भन्दा बढ्नु राम्रो पक्ष हो तर अन्य बैंकको तुलानामा अझै कमजोर रहेको, त्यसै गरी liquidity गत सालको रु.६६ करोड तिर्न सफल भएको छ त्यो सकारात्मक छ, निक्षेप परिचालनमा पनि गत साल भन्दा रु.५ अर्वले बृद्धि भएको, निक्षेप संरचनामा पनि सन्तुलित रहेको, ब्याज तिर्नु नपर्ने र कम तिर्नु पर्ने निक्षेप अंशमा सुधार भएको, त्यस्तै अघिल्लो वर्षको तुलानामा कर्जा झण्डै रु.३ अर्वले बढाउनु सकारात्मक छ तर लगानी Investment तर्फ भने बढाउनुको सट्टा झण्डै रु.६० करोडले घट्को छ त्यति हुँदा हुँदै पनि कुल सम्पतिको आकार करिव रु.५ अर्वले बढाउनु सुखद पक्ष रहेको धारणा व्यक्त गर्नु भयो । नाफा नोक्सानमा ब्याज आम्दानीमा रु.२ अर्व २५ करोड बाट रु.२ अर्व ४४ करोड हुन सक्नु सकारात्मक छ तर व्याज खर्च सन्तुलित रुपमा केही बढेता पनि खुद ब्याज आम्दानी बढेको सकारात्मक छ, सटही घटबढ कोषबाट पनि राम्रै आम्दानी भएको छ र समग्रमा अघिल्लो बर्षको तुलानामा रु.२ करोड भन्दा बढीले खुद नाफा बढाउन सफल भएकोमा व्यवस्थापन एवं कर्मचारी कुशल, ईमान्दार र सक्षम छ भन्ने सावित भएको धारणा व्यक्त गर्नु भयो । त्यसै गरी अघिल्लो वर्षको तुलानामा EPS,  Spread rate, net worth बढ्नु Net operating

expense ९.५१ बाट ८.०७ हुनु, कुल संचालन खर्च र कर्मचारी खर्चको फरक घट्नु सकारात्मक पक्ष हो तापनि यो अझ घटाउनु पर्ने आवश्यकता रहेको धारणा व्यक्त गर्नु भयो ।

त्यति हुँदा हुदै पनि अबका दिनमा २५ अर्वको वासलातले बजारमा टिक्न नसकिने भएकोले कि त ५० अर्व पुऱ्याउनु पर्ने कि त मर्जमा जानु पर्ने धारणा राख्नु भयो । त्यस्तै सुधार गर्नु पर्ने कुराहरुमा कर्जा नोक्सानी व्यवस्था बढ्नु अर्थात सम्पत्तिको गुणस्तर नहुनु सवै भन्दा दुखद पक्ष रहेको, यदि कर्जा नोक्सानी नबढेको भए रु.३६ करोड खुद नाफा हुन सक्थ्यो र १२% लाभांश पाउन सकिन्थ्यो भन्ने धारणा राख्दै सम्पत्तिको गुणस्तर सुधार गर्न ब्याज उठाउन र निस्कृय कर्जा घटाउन, आगामी दिनमा Loan portfolio management को सुधारबाट र Right back income बाट नाफा प्रसस्त बढाउन सकिने भएकोले सोको लागि शुभकामना ब्यक्त गर्नु भयो । त्यसैगरी CD ratio घटाउने र high yield भएको क्षेत्रमा लगानी बढाउने तर्फ ध्यान दिन, नयाँ लगानीको क्षेत्रहरु खोज्न, नयाँ प्रडक्ट्सहरु ल्याउन, संस्थागत सुशासनमा जोड दिन सुझाव गर्दै अघिल्लो वर्षको तुलानामा कार्यसम्पादन राम्रो हुंदा हुँदै पनि प्रतिफल घटेको छ । त्यसको लागि हालको कार्यकारीले १० देखी १५% को मुनाफा दिन सक्ने प्रतिवद्धता जनाएमा बढी तलव खाने खोज्नु भन्दा निजलाई नै जिम्मेवारी दिएर नियमित गर्न सकिने सुझाव दिनु भयो ।

५. **डा. माधव कुमार श्रेष्ठ** :बिश्व परिवेशलाई हेर्दा देशमा नै चुनौती छ र सो को कारण बैंकलाई पनि समस्या रहेको धारणा राख्दै ७% नगद लाभांशको लागि धन्यवाद दिनु भयो । बोनश शेयर भएको भए पुँजी बढ्दथ्यो र कम्पनीलाई राम्रो हुन्थ्यो भन्दै आगामी साल यस तर्फ विचार गर्न र चालु आ.व.को खुद लक्षित नाफा र लाभांश कति हो स्पष्ट गर्न अनुरोध गर्नु भयो । समयमा साधारण सभा सम्पन्न गर्न सुझाव गर्दै CEO को Salability भन्दा पनि vision र Credibility मा ध्यान दिने र Corporate leadership लिन सक्ने हुनु पर्छ, भन्दै CEO मा 3E= Effective, Efficient & Economical accomplishment गर्ने खालको र stock market मा आफ्नो शेयरको मूल्य के छ त्यसलाई मूल्याकंन गर्न सक्ने, Market capitalization हेर्ने, Strengthening Vigilance set up गर्न सक्ने, Cycle of success दिन सक्ने हुनु पर्छ भन्ने सुझाव गर्नु भयो । त्यसैगरी ढिलो छिटो नेपालमा पनि Basel III आउने र त्यसलाई पुरा गर्न पनि मर्जर आवश्यक रहेको छ यद्यपी मानव पुँजी यसमा प्रमुख समस्या रहन सक्ने धारणा व्यक्त गर्नु भयो । बैंकमा व्यवस्थापकले बढी तलव खान्छन तर त्यो अनुसार शेयरधनीलाई मुनाफा दिन नसकेकोले उनीहरुको तलव कार्यसम्पादनको आधारमा निर्धारण गरिनु पर्ने धारणा राख्नु भयो । अन्तमा शेयरधनीहरुले सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक आर्थिक विवरणमा दिएका सुझाव, सल्लाह, प्रस्तुती आदि उपर मूल्यांकन गरी उच्च ठहरिएका वक्ताहरुलाई पुरस्कारको व्यवस्था गर्न सुझाव गर्नु भयो ।

६. **दामोदर प्रसाद रेग्मी :** उपस्थित सवैलाई सम्वोधन गर्दै यो बैंक समकालिन बैंकहरु मध्ये तल पर्नु पर्ने कुनै त्यस्ता कारणहरु नभएको तर नतिजा मूलक व्यवस्थापन नहुंदा सञ्चालक समितिले पनि विशेष ध्यान पुऱ्याउन नसकेको कारण यस्तो हुन पुगेको हो की भन्ने धारणा राख्नु भयो । कोषमा आधारित कर्जा मात्र दिएर, बढी ब्याजको निक्षेप लिएर संचालित वित्त कम्पनी भन्दा पनि कम कार्यसम्पादन हुनु यस बैंकको राम्रो पक्ष होइन भन्दै थोरै खर्चले संचालित, Net worth positive भएको High cost of fund हुंदा पनि राम्रो मुनाफा दिएका सफल बित्त कम्पनीलाई बैकिंग प्याकेज दिएर राम्रो गर्न सकिन्छ भने त्यस्ता बित्त कम्पनीसँग मर्जरमा जान सल्लाह दिनु भयो । खर्च गर्दा खर्चको अनुपातमा आम्दानी दिन्छ भने मात्र गर्न, बढी ब्याज तिरेर निक्षेप लिने र उठाउन नसक्ने कर्जा दिनु न्याय संगत हुदैन, ब्यापार बढाउंदा quantity होईन quality बढाउन सक्नु पर्दछ, Interest spread दर ४% भन्दा माथि छ र Cost of Fund पनि घटेको छ भने खुद नाफा बढ्न नसक्नु कहाँ कमजोरी भयो आफै मूल्याकंन गर्न

सुझाव गर्नु भयो । अन्तमा व्यवस्थापनलाई कम्तिमा पनि तिम्रो लक्ष्य यति हो भनेर जिम्मेवारी दिनु पर्छ भन्ने धारणा व्यक्त गर्नु भयो ।

७. **डा. सुन्दर लाल श्रेष्ठ :** सवैलाई सम्वोधन गर्दै प्रतिवेदनको पेज नं.२३ मा संस्थापक र सर्वसाधारण शेयरधनीहरुको शेयर स्वामित्व प्रतिशत मिलेको देखिएन त्यस्तो नहोस भन्ने सुझाव गर्नु भयो । चुक्ता पुँजी २०७० साल सम्म २ अर्व पुऱ्याउनु पर्नेमा यस बैंकको १.६० अर्व मात्र भएकोले ७% नगद लाभांशको सट्टा बोनश शेयर दिनु पर्ने थियो र त्यो नभएकोले आगामी साल २५% बोनश शेयर दिनु पर्ने धारणा व्यक्त गर्नु भयो । लाभांश नीति नभएकोले त्यो नीति बनाउन, निक्षेप र कर्जा बढेको छ तर लगानी घटेको हुँदा सो बढाउन र गैरकोषमा आधारित व्यापार बढाउन सुझाव गर्नु भयो । कर्जा नोक्सानी व्यवस्था बढेको छ तर फिर्ता भएको छैन जसको कारण खुद नाफा घटेकोले कर्जा नोक्सानी व्यवस्थाबाट फिर्ता लिनको लागि कर्जा उठतीमा ध्यान सुझाव गर्नु भयो । प्रति शेयर आम्दानी रु.१७/ छ तर लाभांश ७% मात्र हुनु र संचित कोषमा रु.२ करोड भन्दा कम हुनु भनेको बाँकी आम्दानी कर्जा नोक्सानीमा सरेको, कम ब्याज तिर्नु पर्ने निक्षेप लिन, शेयर भुक्तानी कोषमा रु.७८ लाख भन्दा बढी भएकोले लाभांश लिन बांकी शेयरधनीहरुको नामावली साधारण सभास्थलमा टाँस्न वा हरेक शेयरधनीको खाता खोल्ने व्यवस्था गर्न, खराव कर्जा बढ्नाले निस्कृय कर्जा दोब्बर हुनु राम्रो नभएको, कर्जा निक्षेप अनुपात ८०% भन्दा कम हुनु पर्नेमा ९२% सम्म भएको राम्रो होईन, Kyc को पालना गरी असल ऋणी चिन्न, खराव कर्जा उठाउन समिति बनाउन, कर्मचारी खर्चमा मितव्ययिता अपनाउन र असल कर्जा लगानीमा विशेष ध्यान दिन सुझाव गर्नु भयो । अन्तमा सवारी मर्मत भत्ता भनेको के हो स्पष्ट गर्न, नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको जवाफ प्रतिवेदनमा समावेश गर्न र अर्को वर्ष कर्जा नोक्सानी सतप्रतिशत उठाउन सफल होस भनि शुभ कामना दिनु भयो ।

८. **उद्धव प्रसाद घिमिरे :** प्रस्तावित लाभांश प्रति धन्यवाद दिँदै आगामी साल १० देखी १५% लाभांश होस भन्ने सुझाव गर्नु भयो । गत सालको दाँजोमा समीक्षा वर्ष सवै क्षेत्रमा सकारात्मक छ तर अन्य दायित्व बढ्नु, निस्कृय कर्जा बढ्नु र कर्जा नोक्सानी व्यवस्था बढ्नु राम्रो होईन भन्दै निस्कृय कर्जा घटाउन र कम ब्याज तिर्नु पर्ने निक्षेप बृद्धि गरी cost of fund घटाउन र खुद ब्याज आम्दानी बढाउन सुझाव गर्नु भयो । मर्जर विनियम आईसकेकोले हाम्रो वासलातको आकारसँग मिल्ने समकालिन बैंकसँग मर्ज गर्न सुझाव गर्नु भयो । राष्ट्र बैंकले आधार ब्याजदर तोक्न निर्देशन दिएकोले त्यसले बैंकको मुनाफामा थप चुनौती हुने आशंका व्यक्त गर्दै व्यवस्थापनले त्यसतर्फ ध्यान दिन र निक्षेप परिचालन गर्दा low cost fund मा ध्यान दिन, विप्रेषण व्यवसाय र प्रतितपत्र कारोवारमा बृद्धि गर्न सुझाव गर्नु भयो । अन्तमा पुनः नियुक्त हुनु भएका अध्यक्षज्यूको कार्यकाल थप सफल होस र बढी भन्दा बढी मुनाफा पाउन सकियोस भन्ने कामना गर्नु भयो ।

९. **भक्ति प्रसाद उप्रेती** : प्रतिवदेनको पेज नं.१४ को दोस्रो हरफको शुरुमा २०६८ हुनु पर्नेमा २०६९ भएकोले सामान्य गल्ति हो अवका दिनमा त्यस्तो नहोस, यो साधारण सभा ढिलो गरी बोलाउँदा पनि पौष मसान्तको प्रगति प्रतिवेदनमा नआउनु सिस्टममा त्रुटी छ कि भन्ने आशंका व्यक्त गर्दै अवका दिनमा साधारण सभा पौष अघि नै बोलाउने व्यवस्था गर्न सुझाव दिनु भयो । पूर्व वक्ताहरुले भने जस्तै बैंकको निक्षेप बृद्धि भएको, कर्जा लगानी बढेको, ब्याज आम्दानी बृद्धि भएको, खुद नाफा पनि बृद्धि भएको, आधुनिक सफ्टवेयरहरुको प्रयोग भएको, स्वस्थ्य, संस्कृति संरक्षणको क्षेत्रमा सामाजिक उत्तर दायित्व वहन गरिएको, संस्थागत सुशासनको लागि विभिन्न समिति, उप–समितिहरु निर्माण गरिएको सवै कार्यको लागि धन्यवाद व्यक्त गर्नु भयो । यद्यपी शेयरधनीहरुको लागि अन्तिममा चाहिने लाभांश नै भएकोले त्यो निराशाजनक रहृयो भन्दै आगामी साल पनि त्यो हुने अवस्था चालु आ.व.को पहिलो त्रिमाशको खुद मुनाफाबाट देखिन्छ भन्ने धारणा व्यक्त गर्नुभयो । त्यसलाई सुधार गर्न कर्जा नोक्सानी व्यवस्थामा भएका कर्जाहरुको loan recover गरी write back गर्न सकेमात्र सम्भव छ भन्ने धारणा

राख्नु भयो । प्रतिवेदनमा दक्ष कर्मचारीहरु जोगाई राख्न चुनौतीको रुपमा लिएको पाइएकोले त्यस्ता कर्मचारीलाई विभेद नगर्ने, बृद्धि विकास गर्न अवसर दिने, तालिम तथा योग्यता वृद्धि गर्न सहयोग गर्ने तर त्यसको लागि निश्चित अवधि सेवा गर्नै पर्ने र छोडेर गएको अवस्थामा क्षतिपुर्ति तिर्नु पर्ने शर्त राखेर उचित मौका दिएमा कर्मचारी जोगाई राख्न सकिने सुझाव पेश गर्नु भयो । संचालन खर्चमा मनोरञ्जन खर्च बढेकोमा अन्य शिर्षकको खर्च आएकोले त्यसो भएको होला भन्दै जुन शिर्षकमा खर्च भएको हो सोही शिर्षकमा राख्न सुझाव गर्नुभयो । त्यसैगरी लेखापरीक्षकको नियुक्तीको प्रस्तावमा पारिश्रमिक नबढाईकन साविक बमोजिम नै होस भन्ने प्रस्ताव राख्नु भयो भने प्रतिवेदनको पाना नं.६१ मा व्याज स्थगन खर्च एउटा ऋणीलाई नै रु.६० लाख भन्दा बढी हुनु राम्रो होईन भन्ने धारणा राख्नु भयो । अन्तमा राष्ट्र बैंकले कारोवार नियन्त्रण प्रणाली र कर्जा दिंदा वित्तीय विश्लेषण नगरि कर्जा उपलब्ध गराएको भन्ने जस्ता निर्देशनहरु दिएको पाईएकोले अव उप्रान्त त्यस्तो निर्देशन दिनु पर्ने अवस्था नआवस भनि सुझाव दिनु भयो ।

१०. **मेजर कुवेर श्रेष्ठ :** अध्यक्ष, सञ्चालकहरु, शेयरधनीहरु लगायत सवैलाई सम्वोधन गर्दै मर्जर सम्वन्धी गत वर्ष पारित प्रस्तावको सम्वन्धमा प्रतिवेदनमा केही उल्लेख नगरीनु आश्चर्य लागेको र जव सम्म अध्यक्ष, सञ्चालक र संस्थापकहरु विच एक आपसमा मेल मिलाप नगर्ने र साझा धारणाले अगाडी नबढ्ने हो भने बजारमा शेयरको मूल्य घटी रहेन र बिक्री नहुने, शेयरधनीहरुले जति कराए पनि केही नहुने, कर्मचारीहरुमा निराशा उत्पन्न हुने र संस्थाको प्रगति हुन नसक्ने धारणा व्यक्त गर्नुभयो । संस्थालाई अगाडी बढाउन एउटा Road Map लिएर अगाडी बढ्नु पर्ने सुझाव गर्दै मर्जरको लागि राष्ट्र बैंकले नै जोड दिएकोले यस अघि एभरेष्ट बैंकसँग MOU नै भई सकेको अवस्थामा कसले असफल गरायो र अव त्यसो नहोस भन्नको लागि एक आपसमा मिलेर अगाडी बढ्न समेत सुझाव गर्नु भयो । कानुनी खर्च, लेखापरीक्षण शुल्क, यातायात खर्च, सञ्चालक भत्ता, अतिरिक्त खर्च जस्ता खर्चहरु बढी भएको देखिएकोले कमाएर शेयरधनीहरुलाई पनि दिएर मात्र खर्च गर्न सुझाव गर्नु भयो । अन्तमा अध्यक्षज्यूले सवैलाई मिलाएर अगाडी बढ्ने गहन जिम्मेवारी भएकोले सोको लागि शुभ–कामना व्यक्त गर्दै प्रस्तुत ७% लाभाँश कहिले देखि वितरण हुने हो यहिबाट घोषणा गरिदिन अनुरोध गर्नु भयो ।

११. **श्री रोज कुमार श्रेष्ठ :** श्री श्रेष्ठले सवैलाई सम्वोधन गर्दै, लाभाँश कम हुनुमा खर्च बढी हो भन्नेमा सवैको भनाई रह्यो तर खर्च कहाँ बढी भयो भन्ने नआएकोले त्यसको मुख्य कारण संक्रमणकालको फाईदा उठाएर कर्मचारीतन्त्रले मनोमालिन्य गरेको भन्ने धारणा राख्नु भयो । त्यसको प्रमाणको रुपमा Industry मा नै Cost of service यस बैंकको बढी हुनु हो भन्नु भयो । बैंकको सकारात्मक पक्ष भनेको जगेडा कोष बढेको छ, कर्जा बढेको छ, खुद नाफा बढेको छ भन्ने राय पेश गर्नु भयो । एटिएमको आम्दानी देखाइएको छ खर्च देखाइएको छैन, कर्मचारीहरुको औषधी उपचार खर्च अन्य बैंकहरुको उदाहरण सहित तथ्यांक पेश गर्दै यस बैंकको कर्मचारीहरुको औषधी उपचार खर्च ज्यादै बढी भएको र दशै खर्च पनि बढी भएकोले कमाउन नसक्ने कर्मचारीलाई खर्च गर्ने अधिकार पनि नभएको हुँदा खर्च कटाउन सुझाव गर्नु भयो ।

१२. **श्री नारायण सुन्दर श्रेष्ठ :** बैंकमा राम्रा राम्रा कार्यकारी प्रमुख ल्याउँदैमा र राम्रा चार्टर्ड एकाउन्टेन्ट नियुक्त गर्दैमा समस्या समाधान हुने र राम्रो हुने होईन, मर्जर गर्दा जो सुकैसँग गर्नु हुदैन विचार गरेर मात्र गर्नु पर्छ नत्र मर्ज नगरि पुँजी बृद्धि गरी आफै संचालन गर्नु राम्रो हुन्छ भन्ने धारणा राख्नु भयो । राष्ट्र बैंकले ६ वटा वाणिज्य बैंकलाई निगरानीमा राखेको भन्ने सुन्नमा आएकोले त्यस्तो निगरानीमा यो बैंक नपरोस भनी कामना गर्नु भयो । यस बैंकको खुद नाफा रु.४८ करोड हुनु पर्नेमा रु.२७ करोड मात्र भएको छ, कुल आम्दानी रु.२६४.५४ करोड मा खर्च भने रु.२३७.३६ करोड छ भने कसरी खुद नाफा बढ्न सक्छ भन्ने धारणा व्यक्त गर्नु भयो । १२ वर्ष पुगेको बैंकको ७% लाभांश ज्यादै कम भयो, बजारमा शेयर मूल्य नबढ्नुको कारण मध्ये पुँजी पनि भएकोले यस बैंकको पुँजी कम छ भन्ने धारणा

राख्नु भयो । त्यसैगरी Return on earning बढाउन कि त बोनश शेयर कि हकप्रद शेयर जारी गर्नु पर्ने सुझाव गर्नु भयो । संचालन खर्च बढी भएको, कर्मचारी खर्च बढी भएको, सञ्चालक समितिको खर्च बढी भएको र लेखापरीक्षण शुल्क पनि बढी भएकोले समकालिन बैंकहरुमा जस्तै लेखापरीक्षण शुल्क रु.६ लाख भन्दा बढी हुन नहुने धारणा राख्नु भयो । अन्तमा हामी शेयरधनीहरुको सुझावलाई मनन गरी कार्य गर्न अनुरोध गर्नु भयो ।

१३. **श्री लवराज जोशी :** उपस्थित सबैलाई सम्वोधन गर्दै बैंकको उन्नतीको लागि नै शेयरधनीहरुले सुझाव दिने भएकोले शेयरधनीहरुले दिएको सुझावलाई कार्यान्वयन गर्न अनुरोध गर्नु भयो । बैंकको कर्पोरेट अफिस लगायत शाखाहरु स्थापना गर्दा हुने खर्चको आधारमा मुनाफा के कति छ भनि अध्ययन गरी शाखालाई Profit Center को रुपमा विकास गर्न र शाखाको भौगलिक अवस्थालाई ध्यानमा राखी त्यहाँ हुने उत्पादनमा लगानी गर्न साथै लगानीको नयाँ एवं सुरक्षित क्षेत्रहरुको पहिचान गरी लगानी गर्न सुझाव गर्नु भयो । रियलस्टेट क्षेत्रमा गरेको लगानीको सम्वन्धमा नेपाल राष्ट्र बैंकले क्रमशः घटाउदै जान जारी निर्देशनले ग्राहक लगायत बैंकहरुलाई पनि समस्या भई राखेको हुंदा त्यसमा पनि सचेत भएर बुद्धिमता पूर्ण ढंगले लाग्न सुझाव दिनु भयो । कर्मचारीहरु संस्थाको सम्पत्ति भएकोले यसमा भएको खर्च क्षणिक रुपमा नहेरी दिर्घकालिन रुपमा हेर्न र उनीहरुको शिप, अनुभव, क्षमता र दक्षताबाट बढी भन्दा बढी Return लिन सक्नु पर्ने र उनीहरुलाई Motivation गरी संस्थाप्रति समर्पित गराउनु पर्ने धारणा व्यक्त गर्नु भयो । बैंकको नाफालाई बृद्धि गर्न व्यवस्थापन, कर्मचारी र सञ्चालक समितिको ठूलो भुमिका हुने भएकोले ३२ वटा वाणिज्य बैंकहरु मध्ये हाम्रो बैंकलाई कसरी अगाडी बढाउने भन्ने सम्वन्धमा ब्याज कम तिर्ने खालको निक्षेप बृद्धि गर्ने, संचालन खर्च कम गर्ने, फि तथा कमिशन बढाउने, बजार व्यवस्थापन, विप्रेषण बृद्धि जस्ता पूर्ववक्ता साथीहरुले दिएका सुझावहरुलाई मनन गरी कार्यान्वय गर्न सुझाव गर्नु भयो । अन्तमा पुनः नियुक्त हुनु भएका अध्यक्ष लगायत सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्विरोध निर्वाचित सञ्चालकहरुलाई बधाई दिंदै उहाँहरुको अनुभवले बैंकलाई थप प्रगति गर्न सकियोस भनि शुभ कामना व्यक्त गर्नु भयो ।

**१३) सभामा पेश भएका सुझाव तथा सवाल जवाफको प्रस्तुतिकरण :**

छलफलमा सहभागी शेयरधनी महानुभावहरुले पेश गर्नु भएका आ–आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव तथा प्रतिक्रियाहरुलाई अध्यक्षज्यूले संक्षिप्त जवाफ दिनु भयो । सो जवाफ तथा प्रष्टिकरणलाई एकिकृत तथा सारांशको रुपमा निम्न अनुसार प्रस्तुत गरिएको छ :–

**अध्यक्षज्यूको जवाफः**

वक्ता शेयरधनी साथीहरुले मन्तव्य दिने क्रममा उठाउनु भएको जिज्ञासा, सल्लाह, सुझाव र शुभकामनाहरुको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै उहाँहरुद्वारा ब्यक्त जिज्ञासाका सम्वन्धमा संक्षेपमा देहाय बमोजिम बुँदागत जानकारी गराउनु भयो ।

१) यस बैंकको मर्जरको सम्वन्धमा शेयरधनीहरुले उठाउनु भएको जिज्ञासा एवं माग गर्नु भएको जानकारीका सम्वन्धमा बैंकका प्रमुख लगानी कर्ता तथा अन्य सरोकारवालाहरुको हित अनुकुल हुने गरी आवश्यक प्रकृया अगाडी बढाईने व्यहोरा जानकारी गराउनु भयो ।

२) चालु आर्थिक वर्षको खुद लक्षित नाफा र आगामी वर्ष लाभांश कति पाईएला भन्ने जिज्ञासाको सम्वन्धमा चालु आ.व.मा बैंकले खुद नाफा रु.३९ करोड गर्ने लक्ष राखेको र सोही अनुकुल २ अंकको लाभाँश प्राप्त गर्न सकिने लक्ष रहेको जानकारी गराउनु भयो ।

३) बैंकको कुल कर्जाको तुलानामा कुल लगानीको मात्र कम रहेको गुनासो प्रकट भएको छ । गत आषाढ महिनामा बैंकले लगानी गरेको ट्रेजरी बिलको ठूलो अंश Matured भई सकेको हुनाले कुल लगानीको रकम कम देखिन गएको तथ्य जानकारी गराउनु भयो ।

४) समीक्षा वर्षमा बैंकको कुल लगानी वापत प्राप्त ब्याज आम्दानी ४० प्रतिशत बृद्धि भएको व्यहोरा जानकारी गराउनु भयो ।

४) साथै हाल बैंकको कुल लगानीको रकम उल्लेख्य रुपमा बृद्धि भएको व्यहोरा समेत जानकारी गराउनु भयो ।

अध्यक्षज्यूको अनुमतिले लेखापरीक्षण समितिका संयोजक सञ्चालक प्रा.डा. राजन बहादुर पौडेलले साधारण सभामा निर्धारित विषय सूची अन्तर्गत रहेको लेखापरीक्षको नियुक्ती र निजको पारिश्रमिकका सम्वन्धमा लेखापरीक्षण समितिले ऐन बमोजिम सिफारिसका लागि गरेको प्रकृया, सिफारिस गरेको फर्म तथा निर्धारित पारिश्रमिकको बारेमा सभालाई जानकारी गराउनु भयो ।

अन्तमा अध्यक्षज्यूले यस सभामा शेयरधनी साथीहरुबाट थुप्रै बहुमूल्य सुझावहरु दिनु भएकोले ति सुझावहरुलाई सञ्चालक समिति तथा व्यवस्थापन समूह विच गहन छलफल गरी उपयुक्त देखिएका र सम्भव भए सम्मका सुझावहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरीने विश्वास दिलाउनु भयो । सम्पूर्ण शेयरधनीहरुको महत्वपूर्ण सल्लाह, सुझाव, भावना आदिको उच्च कदर गर्दै आगामी दिनहरुमा समेत निरन्तर सहयोग, सल्लाह र सुझावको अपेक्षाका साथ सभामा प्रस्ताव गरिएका विषयहरुलाई पारित गरीदिनको लागि अनुरोध गर्नु भयो । साथै निर्धारित कार्यक्रम अगाडि बढाउन कम्पनी सचिवलाई निर्देशन दिनुभयो ।

कम्पनी सचिवले अध्यक्षज्यूको निर्देशन बमोजिम छलफल र प्रतिउत्तरको क्रम समाप्त भई सकेकोले अव सभाको निर्धारित विषयसूची बमोजिम सभामा प्रस्तावित विषयहरु निर्णयार्थ पेश गर्ने अनुमति चाहान्छु भन्दै छलफलका विषयहरुलाई आ–आफ्नो स्थानवाट तालि बजाई क्रमैसंग पारित गरिदिन अनुरोध गर्नुभयो ।

**१४) सभाको निर्णयहरु:–**

**१. बाह्रौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने :–**

सभाको निर्धारित विषयसूचीको नंवर १ मा रहेको सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरीयोस भनी राखेको प्रस्ताव सभाबाट ताली बजाई सर्वसम्मतिले पारित गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहित २०६९ आषाढ मसान्त सम्मको वासलात, २०६८ श्रावण १ देखि २०६९ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने :–**

प्रस्ताव नंवर २ अन्तर्गत रहेको लेखापरीक्षकको प्रतिवेदन सहितको २०६९ आषाढ मसान्तको वासलात, २०६८ श्रावण १ देखि २०६९ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा अनुसूचिहरु समेत पारित गरि दिन गरिएको अनुरोधलाई सभावाट ताली बजाई सर्वसम्मतिले पारित गरियो ।

**३. आर्थिक वर्ष २०६९/७० का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने :-**

विषयसूची नं.३ अन्तर्गत रहेको आर्थिक वर्ष २०६९/७० को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमीक तोक्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा सभाले लेखापरीक्षण समितिद्वारा सिफारिस गरीएको Baker Tilly Dev Associates (बेकर टिल्ली देव एशोसियट्स) लाई नियुक्त गर्ने र पारिश्रमिक समेत लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम मूल्य अभिबृद्धि कर वाहेक जम्मा रु.३,४०,०००/– (जसमा स्टाच्युटरी अडिट फि रु.१,३०,०००/–, ट्याक्स अडिट फि रु.१,३०,०००/–, लङ्गफर्म अडिट रिपोर्ट फि रु.६०,०००/– र कम्पनी ऐनको दफा ७८ प्रमाणित फि रु.२०,०००/– हुनेगरी) (अक्षरुपी तिन लाख चालिस हजार मात्र) भुक्तानी गर्ने निर्णय गरीयो । साथै शाखाहरुको भ्रमण गर्दा लाग्ने

यातायात, स्टेशनरी तथा अन्य खर्चहरुको सम्वन्धमा समेत मूल्य अभिबृद्धि कर वाहेक एकमुष्ट रु.३,४०,०००/– (अक्षरुपी तिन लाख चालिस हजार मात्र) दिने निर्णय सहित सभाबाट सर्वसम्मतिले तालि बजाई पारित गरियो ।

४. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको सात (७) प्रतिशत नगद लाभांश स्वीकृत गर्ने:**
प्रस्ताव नं. ४ मा रहेको चुक्ता पुँजीको सात (७) प्रतिशत नगद लाभांश (कर सहित) स्वीकृत गर्ने प्रस्तावलाई सभाले तालिबजाई सर्वसम्मतिले पारित गरीयो ।

५. **सर्वसाधारण समुहबाट प्रतिनिधित्व गर्ने दुई (२) जना सञ्चालकहरुको निर्वाचन गर्ने :-**
प्रस्ताव नं. ५ मा रहेको सर्वसाधारण शेयरधनीहरु (समूह “ख”) बाट प्रतिनिधित्व गर्ने दुई (२) जना सञ्चालकहरुको निर्वाचन सम्वन्धमा निर्वाचन अधिकृत श्री इन्द्र खरेलले आफुलाई सुम्पेको जिम्मेवारी मुताविक निर्वाचनको कार्यतालिका, निर्वाचन मतदाता नामावली, निर्वाचन उमेदवार मनोनयन, उमेदवारहरुको नामावाली/अन्तिम नामावली प्रकाशन समेतको बारेमा छोटकरीमा अवगत गराउनु भयो । मनोनयन गर्ने क्रममा तिन जना उमेदवारहरुको उमेदवारी परेकोमा तोकिएको मिति र समय भित्र एक जना उमेदवार (शेयरधनी मतदाता नं. ११३० की) श्रीमती उर्गा श्रेष्ठले व्यक्तिगत कारण जनाई आफ्नो उमेदवारी फिर्ता लिनु भएकोले माथि प्रस्ताव गरिए बमोजिम दुई (२) जना सञ्चालक पदको लागि (शेयरधनी मतदाता क्रमसंख्या ८२४० का) **डा. शोभा कान्त ढकल** र (शेयरधनी मतदाता क्रमसंख्या ९७२७ श्री निर्मल हाउजिङ्ग डेभलोपमेन्ट कं. प्रा.लि.को प्रतिनिधि) **श्री रसेन्द्र बहादुर मल्ल**को मात्र सञ्चालक पदको लागि मनोनयन बांकी रहेकोले उहाँहरु दुवै जना (डा. शोभा कान्त ढकाल र श्री रसेन्द्र बहादुर मल्ल) यस बैंकको सर्वसाधारण शेयरधनीहरु (समूह “ख”) बाट सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो । साथै उहाँले नव–निर्वाचित सञ्चालकहरुलाई बधाई ज्ञापन गर्दै उहाँहरुको कार्यकाल सफलता पूर्वक सम्पन्न होस भन्ने कामना समेत गर्नु भयो । सभाले निर्वाचन परिणामलाई कर्तल ध्वनीको साथ तालि बजाई सर्वसम्मतिले स्वीकार गरी बधाई ज्ञापन गरीयो ।

६. **विविध** : अन्तमा रहेको विविध प्रस्ताव केही नभएकोले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिबाट प्रस्तावित प्रस्तावहरुलाई सर्वसम्मतिले पारित गरी दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । साथै सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि., लेखापरीक्षक, कानूनी सल्लाहकार, सञ्चालक साथीहरु, बैंकका कर्मचारीहरु लगायत सम्वद्ध सवैप्रति हार्दिक आभार प्रकट गर्दै अध्यक्षज्यूले अपरान्ह ३:०० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

............................
नरेन्द्र प्रसाद छत्कुली
कम्पनी सचिव

............................
नूर प्रताप ज.ब.राणा
अध्यक्ष-सञ्चालक समिति